स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



वैदेशिक रोजगारीका लागि विदेशिने नेपाली युवाहरूको सपना, संघर्ष र बिछोडको कथामा आधारित भएर बनेको फिल्म "रियाल रिङ्रेट" आगामी साउन १६ गतेबाट प्रदर्शनमा आउने भएको छ । निर्माण कम्पनी रेबेल फिल्म्सले शुक्रबार एक पोस्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति घोषणा गरेको हो । पोस्टरमा भावनात्मक गहिराइ झल्काइएको छ । फिल्मकी मुख्य अभिनेत्री नीता ढुंगानालाई पीडामा देख्न सकिन्छ ।

**आजको विचार...**



सार्वजनिक....
*(दुई पेजमा)*

शम्भु कोइराला



गत बैशाख अन्तिममा रिलिज भएको "ऊनको स्वीटर"पछि नेपाली फिल्मको व्यापार सुस्ताएको छ। दुई ठूला फिल्म "के घर के डेरा २" र "नरसिंहा अवतार"ले समेत अपेक्षित व्यापार गर्न नसकेपछि अब धेरैको आशा शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म "जन्ते बाख्रो"प्रति छ । बलियो स्टारकास्ट र गीत-संगीतको चर्चाका कारण फिल्मले बक्स अफिसमा राम्रो व्यापार गर्ने अपेक्षा गरिएको छ । तर, यो फिल्मलाई बक्स अफिसमा ठूलो चुनौती छ ।

❒ वर्ष ३० ❒ अंक ३१२ ❒ २०८२ जेठ २४ गते शनिबार 7 June 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# निगुरो बेचेर घरखर्चको जोहो गर्दै कुमाल समुदाय

**रासस**

**गुल्मी, जेठ २३**/जिल्लाको पश्चिमी भेगमा बसोबास गर्ने कुमाल समुदायले निगुरो बिक्री गरेर घरखर्च चलाउँदै आएका छन् । उनीहरूले वर्षौंदेखि वनजङ्गलमा पाइने जडीबुटीजन्य तरकारी निगुरो सङ्कलन गरेर बिक्री गरी नून तेलको जोहो गर्दै आएका छन् । उन्यू प्रजातीको एक प्रकारको वनस्पती निगुरो तरकारी र अचार खान प्रयोग गरिन्छ । विपन्न कुमाल समुदाय बढी मात्रामा यो पेसासँग जोडिएको छ । जेठ महिना सुरू भएपछि असोज महिनासम्म वनपाखामा प्रशस्त मात्रमा निगुरो पाइने गर्दछ । बिहानै उठेपछि डोको र नाम्लो बोकेर जङ्गलसम्म पुगेर डोकोभरी निगुरो टिपेर उनीहरु फर्कने गर्दछन् । यस क्षेत्रमा बसोबास गर्ने कुमाल सकुदायसँगै अन्य विपन्न परिवारका सदस्यको दिनचर्या दिनभर जङ्गल र पाखामा निगुरो टिपेर बित्ने गर्दछ । मनग्य आम्दानी गर्न सकिने भएका कारण त्यस क्षेत्रका कुमाल समुदाय यो पेसालाई अगाल्दै आएका छन् । उनीहरू आफूले अघिल्लो दिन



टिपेको निगुरो दोस्रो दिन बिहानै बिक्रीका लागि स्थानीय बजारदेखि सदरमुकाम तम्घाससम्म आइपुग्छन् । जिल्लाको अर्जै, घमिर, अर्खाबाङ्, नेटा तथा ह्वाङ्दी, मुसिकोट लगायतका जङ्गलमा प्रशस्त मात्रमा निगुरो पाइने गर्दछ । विपन्न परिवारका लागि निगुरो यतिबेला राम्रो आम्दानीको मुख्य स्रोत बनेको छ । आफूले निगुरो बिक्री गरेर मासिक ३० हजारसम्म कमाउने गरेको इस्मा गाउँपालिका-५ की सरस्वती मुखिया बताउन्छिन् । उनलाई त्यसैबाट घरखर्च चलाउन सजिलो भएको छ । एक मुठा निगुरो ५० मा बिक्री गर्ने गरेको मुखियाले बताइन् ।

*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार


### आक्रमणमा चार जनाको मृत्यु

(रासस/एएफपी)

**किएभ, जेठ २३**/रूसले युक्रेनको राजधानी किएभमा गरेको आक्रमणमा कम्तिमा चार जनाको मृत्यु भएको युक्रेनी अधिकारीहरूले शुक्रबार बताएका छन् । आक्रमणमा २० जना घाइते भएको जनाइएको छ ।

रूसले रातभर युक्रेनमा ड्रोन आक्रमण गरेको अधिकारीहरूले बताएका छन् । "पटक पटक रूसी युएभी र ब्यालेस्टिक मिसाइलको सिकार भएका किएभका उद्धारकर्ताहरूले सहरबाट प्रतिक्रिया दिइरहेको छन्," युक्रेनको आपतकालीन सेवाले टेलिग्राममार्फत दिएको जानकारीमा उल्लेख छ । किएभका नगर प्रमख भिटाली क्लिट्स्कोले राजधानीमा भएको घटनाको पुष्टि गर्दै घाइते मध्ये १६ जनालाई अस्पतालमा भर्ना गरिएको बताएका छन् । आक्रमणका कारण आवासीय भवन, पूर्वाधारलगायत संरचना क्षतिग्रस्त भएका छन् भने ठाउँठाउँमा आगलागी भएको छ । युक्रेनको राष्ट्रिय रेलवे सञ्चालकले रेल सेवा ढिलाइ हुने चेतावनी दिँदै आक्रमणले किएभ क्षेत्रमा रेल मार्गहरू क्षतिग्रस्त भएको उल्लेख गरेको छ । पश्चिमी युक्रेनको लुत्स्क सहर र टेर्नोपिल क्षेत्रमा पनि थुप्रै आक्रमणहरू भएका छन् । "आज, शत्रुले हाम्रो क्षेत्रमा अहिलेसम्मको सबैभन्दा ठूलो हवाई आक्रमण गरेको छ ।

## छारोले गरे बाबु र छिमेकीको हत्या




**नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), जेठ २३**/ पश्चिम नवलपरासीको सुनवलमा छोराले बाबु र छिमकीको हत्या गरेका छन् ।

शनिबार बिहान ११ बजे जिल्लाको सुनवल नगरपालिका-२ को औरहियामा ३५ वर्षीय हेमराज थारूले ५० वर्षीय बाबु जयराम थारू र छिमेकी ७० नाथु धरिकारलाई कोदालो प्रहार गरी हत्या गरेको जिल्ला प्रहरीका कार्यालय नवलपरासीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वीरदत्त पन्तले जानकारी दिए । खेमराजले दुवै जनाको टाउको र घाँटीमा प्रहार गरी हत्या गरेको उनको भनाइ छ ।

इलाका प्रहरी कार्यालय सुनवल र जिल्ला प्रहरी कार्यालयको टोली घटनास्थलमा पुगेर आरोपित पक्राउ गरिसकेको प्रहरीको भनाइ छ । खेमराजले किन हत्या गरे भन्ने विषयमा अनुसन्धान सुरु गरिएको प्रहरीले जानकारी दिएको छ ।

*-रासस*

## नेपाल भूतपूर्व सैनिक संघ पाल्पाले मनायो ३५ औं स्थापना दिवस

**पाल्पा, जेठ २३**/ नेपाली काँग्रेसको भातृ संस्था नेपाल भूतपूर्व सैनिक संघ पाल्पाले ३५ औं स्थापना दिवस मनाएको छ । संघले शुक्रबार तानसेनमा एक औपचारिक कार्यक्रमको आयोजना गरी दिवस मनाएको हो ।

कार्यक्रमको नेपाली काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठले दीपप्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका सभापति श्रेष्ठले समाज र देश निर्माणमा भूतपूर्व सैनिकहरुको योगदान महत्वपूर्ण रहेको बताए । उनले अवकाश प्राप्त सकल दर्जाका सैनिकहरुलाई सेवाकालमा आर्जित ज्ञान, सीप र अनुभव आफ्नै गाउँघर, समाजको विकास र उत्थानमा लगाई परेको समयमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै नेपाली काँग्रेसको संगठनलाई बलियो बनाएर लैजाने दिशामा आफूलाई अग्रसर गर्न अनुरोध गरे । सभापति श्रेष्ठले काँग्रेसको संगठन निर्माणमा समेत भूपू सैनिकको महत्वपूर्ण भूमिका रहेको भन्दै अब नागरिकको जीवनस्तर उकास्न समेत लाग्नु पर्ने धारणा व्यक्त गरे ।









उनले संघमा आवद्ध भूपुहरुको योगदानको पार्टीले उच्च मूल्यांकन गर्दै संगठनका विभिन्न तह र संरचनामा समेत उनीहरुलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गर्दै आएको बताए । सभापति श्रेष्ठले भने 'पछिल्लो समयमा सैनिकबाट अवकाश भएर आएका नयाँ भूपुहरु लोकतान्त्रिक विचारप्रति नजिक हुन सकेका छैन् उनीहरुलाई काँग्रेसको विचार, आस्थाका बारेमा जानकारी गराउनुपर्छ ।'

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## प्रदेश बजेटमा अपेक्षा

प्रदेश सरकार यति बेला आगामी आर्थिक वर्षा २०८२/०८३ को बजेट तयारीमा घनिभूत रूपमा लागेका छन् । प्रत्येक वर्ष असार १ गते आगामी आर्थिक वर्षाको राजस्व र व्ययको अनुमान (बजेट) प्रदेशसभामा पेस गर्नुपर्ने कानुनी व्यवस्था छ । सोही प्रावधान अनुसार प्रदेश सरकार बजेटको अन्तिम तयारीमा जुटेका हुन् । संघबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट, प्रदेशमा उठ्ने राजस्व र चालु आर्थिक वर्षाको खर्च हुन नसकी बचत भएको बाँकी रकमको आधारमा प्रदेश सरकारले आगामी आर्थिक वर्षाको बजेटको आकार तय गर्ने छन् ।

प्रदेश सरकारले ल्याउने बजेटमा सर्वसाधारणदेखि निजी क्षेत्रको चासो बढी छ । सबैभन्दा धेरै सरोकार निजी क्षेत्रले राख्नु स्वाभाविकै हो । कर नीतिदेखि अरू अर्थनीतिहरूको सालबसाली परिवर्तनको माध्यम पनि बजेट जो हो । २०८२/८३ सालको बजेटको सम्मुखमा निजी क्षेत्रले अर्थतन्त्र चलायमान बनाउन सक्ने नीति सहितको बजेट अपेक्षा गरेको छ । प्रदेश सरकारको पहिलो दायित्व पनि त्यही हो । उत्पादन अभिवृद्धि गराउन सक्ने र निजी क्षेत्रलाई विश्वासको वातावरण बनाउने खाले बजेट ल्याउँदा नै अर्थतन्त्र चलायमान बन्न सक्छ । प्रायः सबै प्रदेशले लोकप्रिय र वितरणमुखी कार्यक्रम ल्याएर जनता खुसी पार्ने प्रतिस्पर्धामा खरो उत्रन खोजेको जस्तो देखिन्छ । तर खर्चको आवश्यकता र साधनको उपलव्धतालाई कसरी तालमेल गरी सन्तुलित, कार्यान्वयनयोग्य र नतिजामुखी बजेट बनाउन सकिन्छ भन्ने विषयमा कुनै पनि प्रदेशले गम्भीर ध्यान पुऱ्याएको पाइएको छैन । बजेटको आकार ठूलो र आयोजना संख्या धेरै हुँदा सबैको चित्त बुझाउन सकिन्छ भन्ने भ्रमबाट टाढा रहेर प्रदेशहरूले उपलव्ध साधन र स्रोतको उच्चतम उपयोग गरी बजेट बनाउनसके मात्र आगामी वर्षहरूका लागि बजेटको जग बलियो हुनेछ । प्रदेशले बजेटको आकारभन्दा खर्च गर्ने क्षमता बढाउनु अपरिहार्य छ । प्रदेशले ल्याउने बजेट प्रदेशमा आर्थिक तथा पूर्वाधार विकासको जग बसाउन सक्ने हुनुपर्छ । चालु खर्चमा खुकुलोपना, आयोजना संख्या धेरै र न्युन विनियोजन, कमजोर कार्यान्वयन प्रणाली, लोकप्रिय र वितरणमुखी कार्यक्रममा प्रदेश–प्रदेशबीच प्रतिस्पर्धा हुने किसिमले बजेट ल्याउनु हुँदैन । यसबाट आर्थिक अनुशासन र वित्तीय सन्तुलन कायम गराउन सकिँदैन । वितरणमुखी बजेटले मूल्य बढाउन र जनताको क्रयशक्ति घटाउन मद्दत गर्छ । ससर्त अनुदानका रूपमा प्राप्त रकम खर्च नभई फिर्ता गर्नुपर्ने अवस्था आउन सक्छ । तसर्थ वास्तविकतामा आधारित भएर कार्यान्वयनयोग्य बजेट बनाउने दिशामा प्रदेश सरकारले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

जिन्दगीसँग अब कुनै माग छैन,
बस लक्ष्यमा सारेको पाइला गन्तव्यस सम्म पुगोस ।
*(सम्झना परियारको फेसबुक स्टाटस https://www.facebook.com/Samjhana.pariyar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सार्वजनिक यातायातमा निजी निर्भरता : जनतालाई सास्ती



शम्भु कोइराला

**नमागिएको सल्लाह :**

मैतिदेवी-रातोपुल क्षेत्रको बासिन्दा भएका कारण सार्वजनिक यातायात उपभोग गर्न सहज छ । घरबाट बाहिर सडकमा निस्केपछि गाडी पाउन मिनट पनि पर्खनु पर्दैन । गाडी पनि कस्तो चढ्ने छानेर चढ्न पाइन्छ । सफा टेम्पो, सानो माइक्रो, इभी माइक्रो, सानो बस, ठूलो बस के चढ्ने सहज रूपमा पाउन सकिन्छ । एक दशकअगाडि यस्तो अवस्था थिएन । खुट्टा पनि आफ्नै टाउको माथि राख्नुपर्ला जस्तो भिड हामी सबैले जानेको र भोगेकै हो । यस्तो सहजताको कारण हो-प्रतिस्पर्धा अथवा सिन्डिकेट नहुनु । यात्रु पाउन सवारीसाधनको अनावश्यक हतारोका कारण कहिलेकाहिँको चालकको हकाइ बित्यास पारिहाल्ला जस्तो हुन्छ तर चढ्नुको विकल्प छैन ।

अझ यसमा सुनमा सुगन्ध थपिदिएको छ- राइड सेयरिङले । फोन सम्पर्कबाट बोलाउन सकिने यस्ता राता प्लेटका दुई पांग्रे आपत् र हतारोका साथी भएका छन् । केही वर्षअगाडिको तुलनामा सार्वजनिक सवारीसाधनको प्रयोग सहज र यात्रुमैत्री बन्दै जानुको कारण प्रतिस्पर्धा हो । जनता र उपभोक्ताको प्रिय प्रतिस्पर्धालाई संकुचन गर्न राष्ट्रिय यातायात व्यवसायी महासंघ लागिपरेको कारण यसै साताको चारदिन यात्रुले झेल्नुपरेको सास्ती अत्यासलाग्दो थियो । यो अत्यासलाग्दो परिस्थिति निर्माण हुनुको कारण थियो-गण्डकी प्रदेश सरकारले जेठ १, २०८२ मा नेपाल राजपत्रमा प्रकाशन गरेको राइड सेयरिङ (नियमन तथा व्यवस्थापन) नियमावलीको विरोधमा राष्ट्रिय यातायात व्यवसायी महासंघ देशव्यापी हडतालमा उत्रिनु । जुन नियमावलीमा राइड सेयरिङ र सेल्फ राइड (रातो प्लेटको गाडी भाडामा दिने) व्यवस्था समेटिएको थियो । गण्डकी प्रदेश सभाले विसं २०७६ मा नै गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७६ पारित गरेको थियो जस्मा निजी प्रयोजनका लागि दर्ता भएका सवारीसाधनले आवश्यक प्रक्रिया पूरा गरी आफ्नो मार्गमा तोकिएको भाडा लिई यात्री बीमा गरी यात्रु ओसारपसार गर्न सकिने व्यवस्था रहेको छ ।

**आफ्नो आफ्नो डम्फू**

विसं २०७५ साल वैशाख ४ मा नेपाल सरकारबाट सिन्डिकेट अन्त्य भएको घोषणा भएको थियो । सर्वोच्च अदालतका पटक-पटकका फैसला सिन्डिकेट अन्त्य गरी प्रतिस्पर्धा प्रवर्द्धन गर्ने आशयका भएका छन् । त्यसमध्ये २०८१ असार १३ गते भएको फैसला बढी स्पष्ट छ, जसमा राइड सेयरिङ जस्ता यातायात सेवा व्यवसायको दर्ता, सञ्चालन, व्यवस्थापन र अनुगमनका लागि आवश्यक कानुनी व्यवस्था चाँडै लागू गर्न संघ सरकारलाई निर्देशन दिने भन्ने उल्लेख छ । यातायात व्यवसायीले राइड सेयरिङलाई कानुनविपरीत भन्दै आएका छन् । सवारी तथा यातायात व्यवस्थापन ऐन, २०४९ को दफा ८ मा निजी सवारी यातायात सेवाका लागि प्रयोग गर्न नपाइने र दफा १२ मा एक प्रयोजनका निमित्त प्रयोग भएका सवारी अर्को प्रयोजनका लागि प्रयोग गर्न नपाइने कानुनी व्यवस्थालाई उनीहरूले अगाडि सार्ने गरेको पाइन्छ । दुई पांग्रे सवारीसाधनले यात्रुलाई सेवा दिने हो भने कालो नम्बर प्लेट राखेर गर्नुपऱ्यो भन्ने भनाइ व्यवसायी संघको छ । यसमा संघीय सरकार र प्रदेश सरकार सहमत छैनन् । व्यवसायीहरूले भन्ने गरेको २०४९ को कानुन संविधानसँग बाझिएकाले निष्क्रिय भइसकेको, २०७३ को सर्वोच्चको आदेशले सिन्डिकेटका सबै अवशेष समाप्त गरी यातायात क्षेत्रमा प्रतिस्पर्धी वातावरण बनाउन परमादेश गरेको र यस्ता आदेश विभिन्न समयमा भएको कारण अदालतको आदेश पालना गर्नु सरकारको कर्तव्य भएकाले प्रतिस्पर्धाको विकल्प नरहेको भन्ने भनाइ संघ र प्रदेश सरकारको रहेको छ ।

**सिन्डिकेटको चेपुवामा परेको प्रतिस्पर्धा**

नेपालमा यातायात क्षेत्रमा निजी क्षेत्रको सहभागिता करिब ९८ प्रतिशत छ । सरकारसँग सीमित संख्याका साझा बस र दुर्लभ ओखतीको रूपमा चलाइएका सुरक्षा निकायका सवारी साधनबाहेक विकल्प केही देखिएन । बरू राइड सेयरिङमा चलेका दुई पांग्रेले आपत्मा परेका जनताका समस्या फुकाइदिए । सरकारको यो कमजोर पक्षका भलिभाँती जानकार यातायात व्यवसायीहरू आफ्ना शर्तमा सरकारलाई झुकाउन सक्षम थिए र त्यो क्षमता प्रदर्शन गरे । गएको सोमबार मध्यरातको सहमति त्यसैको उपज थियो । सरकार र यातायात व्यवसायीबीच भएको सहमतिमा राइड सेयरिङसम्बन्धी नियमावली स्थगन गर्न गण्डकी प्रदेश सरकारलगायतका प्रदेश सरकारलाई अनुरोध गर्ने, सर्वोच्च अदालतको २०८० चैत २० को परमादेश कार्यान्वयनका लागि गृह मन्त्रालयबाट आवश्यक कारबाही बढाउन सिफारिश गर्ने, सवारी तथा यातायात व्यवस्था सम्बन्धमा संशोधन तथा एकीकरण गर्न नेको विधेयक २०८२, प्रस्तावित राष्ट्रिय यातायात नीति २०८२, मोटर बीमा दरसम्बन्धी निर्देशिका २०७३, सडक सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन २०७४, ढुवानीसम्बन्धी ऐनलगायतका ऐन, कानुन, नियम र निर्देशिकामा यातायात व्यवसायी र मजदुरका मुद्दालाई सम्बोधन गर्ने, ऐन कानुनलाई यातायात व्यवसाय, लगानी श्रमिक र उपभोक्ता (यात्रु)मैत्री बनाउन श्रम ऐन २०७४ बमोजिमको कार्यरत श्रमिकको न्यूनतम पारिश्रमिक निर्धारण समितिमा यातायात व्यवसायी र यातायात श्रमिकको प्रतिनिधित्वको व्यवस्था गर्ने, सार्वजनिक यातायात सुधारका लागि सुझाव सिफारिश कार्यदल गठन गर्न सिफारिश गर्ने, मालबाहक सवारीसाधनको भारवहन नियमनसम्बन्धी निर्देशिका २०७४ को दफा १३ अनुसार स्वदेशी तथा विदेशी सवारीसाधनको भारवहन क्षमता कार्यान्वयनका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने, यातायात सम्बद्ध सबै किसिमका जनशक्तिलाई सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम अनिवार्य रूपमा सूचीकृत गर्ने, सवारीसाधनहरूको कागजपत्र नवीकरण गर्दा सामाजिक सुरक्षा कोषमा सूचीकरण भएको/ नभएको हेर्ने व्यवस्था मिलाउने, सार्वजनिक सवारीसाधनको आयु सम्बन्धमा सर्वोच्च अदालतको २०८१ चैत १९ को परमादेशको शीघ्र कार्यान्वयनका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने । माथिको मध्यरातमा भएको सहमतिका अधिकांश बुँदामा सरकार रक्षात्मक रहेको छ । एउटा विषयमा गरेको हड्तालबाट सिन्डिकेट पक्षधर व्यवसायीहरू आफ्नो स्वार्थका धेरै विषयलाई समेट्न सक्षम बनेका छन् । उनीहरूका वर्षौंदेखिका गुनासालाई सम्बोधन गराउँन सोमबारको मध्यरात शुभरात्रि भएको छ । सहमति अनुसार संघीय सरकारले गण्डकी प्रदेश सरकारलाई नियमावली फिर्ता लिन पत्राचार गऱ्यो र प्रदेशले एक महिनाका लागि उक्त नियमावली स्थगन गरेपछि मात्र सार्वजनिक यातायात गत बुधबारबाट सुचारु भए । संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्रीले यातायातमा सिन्डिकेट फिर्ता हुँदैन भनेका छन् भने गण्डकी प्रदेश सरकारले वार्ताका लागि एक महिना स्थगन गरेको तर नियमावली फिर्ता असम्भव भएको भनेका छन् । अब प्रश्न गरौं-आफ्नो अडानमा संघ र प्रदेश सरकार रहन सक्लान् त ? दिनको संकेत बिहानीले दिन्छ भने जस्तै अहिलेको चार दिने हड्तालको कारण सरकार र जनतालाई परेको अत्यासबाट बुझ्न सकिन्छ-यातायात व्यवसायीका नाजायज मागलाई पन्छाएर अगाडि बढ्न सजिलो छैन । सरकार विकल्पहीन छ । भविष्यमा विकल्प दिने सोचसम्म पनि छैन । कानुनी राज्यमा कानुनको कुरा गर्दा सरकारसँग पर्याप्त कानुनी आधारहरू छन् । यातायात व्यवसायीसंघले अघि सार्ने गरेको विवादित सवारी तथा यातायात व्यवस्था ऐन २०४९ कै कुरा गर्दा पनि ऐनले सिन्डिकेटलाई निषेध गरेको छ । उक्त ऐनको दफा १६८ मा स्वच्छ प्रतिस्पर्धात्मक ढंगबाट यातायात सेवा विकास गर्न सार्वजनिक सवारीलाई चक्रीय प्रणाली अन्तर्गत सेवा सञ्चालन गर्ने गरी इजाजत प्रदान गरिनेछैन भनिएको छ । २०७३ को सर्वोच्च अदालतको परमादेशले सिन्डिकेटका सबै अवशेष हटाई प्रतिस्पर्धी वातावरण बनाउन भनेको छ । अत्यावश्यक सेवा सञ्चालन ऐन २०१४ को दफा ४ मा अत्यावश्यक सेवामा निषेधित हड्ताल कुनै व्यक्तिले गरेमा ६ महिनासम्म कैद र जरिवानाको व्यवस्था गरेको छ । सिन्डिकेट समाप्त गर्न सर्वसाधारण जनता, नागरिक समाज, सञ्चार जगत, सबैको साथ सहयोग छ । कानुनी व्यवस्था र नागरिकको समर्थन भएता पनि सरकारसँग एक साता अड्ने सामर्थ्य छैन । कारबाही त परको कुरा भयो अडानसहित वार्तामा बस्ने सरकारको सामर्थ्य पनि कमजोर छ । यस्तो अवस्थामा नागरिकलाई आधुनिक प्रविधिले दिएको सुविधाबाट लाभान्वित गराउने विषयमा सरकार गम्भीर बन्न जरुरी छ । सारांशमा, राष्ट्रिय यातायात व्यवसायी महासंघ यातायात क्षेत्रमा आफ्नो एकलौटी आधिपत्यको कारण सौदाबाजीमा सक्षम भए तापनि जनताको समर्थन र साथबिना उनीहरू बजारमा धेरै टिक्नसक्ने अवस्था रहँदैन । फेरि, समयले उपलब्ध गराएको अभूतपूर्व र अचम्मलाग्दो प्रविधिको भेललाई रोक्नसक्ने सामर्थ्य पनि उनीहरू राख्दैनन् । एपमा आधारित राइड सेयरिङ सम्बन्धमा उनीहरू लचिलो देखिएका छन् । उनीहरूको गुनासो वर्षौं पुराना चार पांग्रेलाई राइड सेयरिङमा चलाउँने विषयमा उनीहरूको आपत्ति रहेको पाइन्छ । केही हदसम्म उनीहरूको भनाइ जायज पनि छ । गण्डकी प्रदेश सरकारले यो एक महिनाको समयलाई दुवै पक्षलाई विजयी महसुस हुने किसिमको समाधान निकाल्न जरुरी छ । अर्को विषय भनेको संघ सरकारको प्रदेशको अधिकार क्षेत्रमा हस्तक्षेप हो । यातायात सेवा प्रदेश सरकारको एकल अधिकार क्षेत्रभित्र पर्ने विषय हो । नेपालमा विकेन्द्रित अभ्यास कमजोर रहेको कारण पुरानो लगाम पक्डिराख्ने धङधङ्गीबाट सबै पार्टीका नेता पिरोलिएका छन् । अहिलेको गण्डकी प्रदेश सरकारले संघले गरेको अनुरोधलाई हस्तक्षेप भनिहाल्न मिल्ने परिस्थिति छैन किनकि यस समस्याको उद्‌गम सोही प्रदेश सरकारको कारण भएको थियो । उसलाई पनि आफ्नो कारणबाट उत्पन्न भएको समस्या समाधान गर्न संघको अनुरोध उपकरण भएको थियो । संघीय सरकारले यथाशक्य अदालती आदेशलाई समेत समेटेर आधुनिक प्रविधिमा पहुँच राख्ने उपभोक्ता (यात्रु)मैत्री र व्यवसायीको लगानी खेर नजाने किसिमको कानुन तर्जुमा गर्न जरुरी छ । प्रदेश सरकारहरूले संघीय सरकारको कानुनी प्रवधानसँग तादात्म्य हुने गरी कानुन निर्माण गर्न आवश्यक छ । यस्तो कानुन निर्माण सरोकारवाला पक्षको समन्वयमा बन्नसक्दा कार्यान्वयनमा सहजता थपिने अवस्था रहनेछ । संघीय र प्रदेश सरकारहरूले यातायात क्षेत्रमा निजी क्षेत्रको एकलौटी उपस्थितलाई कमजोर बनाउन सार्थक र व्यावहारिक प्रयास गर्न जरुरी छ । सरकार विकल्पहीन अवस्थामा बस्दा जनतामा झन् निराशा बढ्ने निश्चित छ । सरकारले सधैं निजी क्षेत्रका व्यवसायीलाई सुम्सुम्याएर बस्ने परिस्थिति बन्नु सर्वसाधारण जनताले सास्ती पाउने मेसोमात्र हो । यसमा समयमै ध्यान दिन सकेमात्र सरकार, सरकार जस्तो देखिनेछ । अन्यथा जनताको भागमा पर्ने भनेको सास्ती र दुःखको सुस्केरामात्र हो । कतिन्जेलसम्म जनताले उफ्, ऐया र आथ्थुको सुस्केरा हालिरहने ?

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : झुटा आरोप आइपर्दा समस्या खेप्नुपर्नेछ । मानसिक चिन्ता बढ्नेछ । | **तुला** : रमणीय यात्राको योग छ । नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ । |
| **वृष** : हर्ष, उमङ्ग र उत्साह छाउनेछ । स्वादिष्ट भोजन पनि पाइनेछ । | **वृश्चिक** : एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । राम्रै फड्को मार्न सकिनेछ । |
| **मिथुन** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । स्वास्थ्य प्रतिकूल रहन सक्छ । | **धनु** : अवसरहरु गुम्न सक्छ । दिनको उत्तरार्ध भने सुखद् रहनेछ । |
| **कर्कट** : शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । | **मकर** : आजको दिन मध्यम रहनेछ । अरूको मन लोभ्याउन सकिनेछ । |
| **सिंह** : इच्छा र आकाङ्क्षा पूर्ण हुनेछन् । तपाईंका मेहनतको प्रशंसा गर्नेछन् । | **कुम्भ** : काम अघि बढ्नेछ । अधुरा कार्यहरू पुरा हुन नसकला । |
| **कन्या** : जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ । | **मीन** : पारिवारिक सद्भाव बढ्नेछ । सहयोगी हातहरू अघि बढ्नेछन् । |

# साहित्य दर्पण

क्लासिक संस्मरण — परशु प्रधान

## सूचना विभागको घनचक्कर

खोटाङको प्रशासनिक चक्करबाट मुक्ति पाई सूचना विभागको घनचक्कर व्यहोर्न म बाध्य भएँ । भर्खरै कवि एवं गीतकार कालीप्रसाद रिजालको सरुवा भई खाली पदमा मैले बहाली गरेँ ।

बहाली गर्नासाथ थाहा पाएँ मेरा हाकिमहरू त्रिमूर्ति रहेछन्, सबैको निर्देशनमा मैले काम गर्नुपर्ने रहेछ । अर्थात्, मुख्य हाकिम राजदरबारका संवाद सचिव चिरनशमशेर थापा, दोस्रो प्रधानमन्त्री कार्यालयका सचिव सुरेन्द्रराज शर्मा र तेस्रो सञ्चार मन्त्रालयका सचिव शार्दूलशमशेर राणा हुनुहुन्थ्यो । यो त्रिशक्तीय जिम्मेवारीसँगै प्रेस काउन्सिलको सदस्यसचिव स्वयम् हुनुपर्ने । अध्यक्ष ( सर्वोच्च अदालतका माननीय न्यायाधीश वासुदेव शर्मा)को प्रशासनिक, आर्थिक र अन्य विवरणको जिम्मेवारी । थप– नेपालका जागेका, लागेका थुप्रै पत्रकारहरूको संगमस्थल । केही महिना त म कहालिएँ, रिंगटा नै लाग्यो । तर, धैर्य नगुमाई, इमानदारीपूर्वक, लगनका साथ काम गर्न थालेँ । यो जिम्मेवारी मेरा लागि यौटा ठूलो हाँक थियो । लगभग एक वर्षभन्दा बढी काम गर्ने मौका मिलेन, तर पनि त्यहाँ छँदाका मुख्य घटना वा प्रसंगहरू अहिले सम्झने कोसिस गर्छु । मेरो घर नयाँ बानेश्वर, ठूलो खरीको बोटछेउ । राति १२ बजे फोन आयो, संवाद सहायक सचिवबाट । उहाँ डंगोलजस्तो लाग्छ । उहाँले भन्नुभयो, “तपाईं तुरुन्त गोरखापत्रमा जानुहोस् । भोलि आउने पत्रिकामा सरकारको फोटो के कस्तो राखिएको छ हेरेर हुने/नहुने मलाई तुरुन्त खबर गर्नुहोस् ।” “मेरो केही साधन छैन, यो राति म कसरी जाऊँ ?” मैले आफ्नो असमर्थता प्रकट गरेँ । तर, उहाँले ‘त्यो त आफै जान्नुहोस्’ भनी फोन राखिदिनुभयो । सरकारी जागिर खाएपछि के लाग्दो रहेछ र ! एकजना साथी खोजी राति एक बजे पैदल हिँडेर गोरखापत्रको कार्यालय नयाँ सडक पुगेँ । छापिन लागेको वीरेन्द्र सरकारको फोटो हेरेँ, त्यति स्पष्ट वा प्रभावकारी लागेन । त्यस बेला उन्नत प्रविधि पनि कहाँ आइसकेको थियो र ! त्यही व्यहोरा डंगोल सरलाई जानकारी दिई फोटो स्थगित गरियो । अहिले म बसेको मीनभवन एरियामा राजदरबारको हुकुमप्रमांगीबाट बडो कष्टका साथ ल्यान्डफोन केही महिनाअघि ल्याउन सक्ने बहादुर म थिएँ, अहिले सम्झँदा हाँस उठ्छ । आजका युवाहरूका लागि यो परीकथा हुनसक्छ । सरकारको पूर्वाञ्चल सवारी थियो । साँझमा आदेश आयो, “तपाईंले २०० प्रति रामायण (भानुभक्तीय) भोलि दिउँसोसम्ममा धनकुटा क्याम्पमा पुऱ्याउनुहोला ।” ‘म प्रयास गर्छु’ भनेँ र लागे यस काममा । विराटनगरसम्म प्लेनमा पुऱ्याउन सकिन्छ । धरानसम्म गाडी जान्छ । तर, धनकुटा जाने मोटरबाटो पुगेकै छैन । हिँडेर जाँदा लगभग एक दिन लाग्छ । तैपनि, आदेश भनेको आदेश हो । एकजना विश्वासी कर्मचारीलाई बिहानको हवाईजहाजमा विराटनगर पुऱ्याई, साँझमा धनकुटा पुऱ्याई छाडेँ र दरबारबाट ‘धन्यवाद’ पाएँ । तत्कालीन श्री ५ वीरेन्द्र सरकारको शुभजन्मोत्सवको उपलक्ष्यमा भृकुटीमण्डपमा सरकारको जीवनीसम्बन्धी फोटो प्रदर्शनी सूचना विभागले मिलाएको थियो । सरकार स्वयम् सवारी भई अभिरुचिपूर्वक एकएक फोटो नजर भई मुस्कानका साथ मलाई ‘धन्यवाद’ बक्सेको शब्दले मलाई सूचना विभागमा बसी काम गर्ने शक्ति वा ऊर्जा थपिएको अनुभूति गरेँ । जागिर खानेक्रममा मलाई सबभन्दा डाहा, छटपटी र असन्तोष सूचना विभागमा नै भयो । यौटा क्यालेन्डर प्रसंग उल्लेख गर्न चाहन्छु । प्रत्येक वर्षको क्यालेन्डर चैत्र १ गतेसम्म तयार गरी दरबारमा स्वीकृतिका लागि पठाउने चलन रहेछ । क्यालेन्डरका लागि आवश्यक निर्देशन, फोटो र जानकारी दरबारको संवाद सचिवालयमार्फत आउँथ्यो । ‘म यत्ति नराम्री कहाँ छु र !’ भनेर क्यालेन्डर अस्वीकृत गरिएको भन्ने जानकारी पाएँ । उहाँको फोटो अर्को राख्नुपर्ने भयो । त्यस्तै १-२ फोटोहरू अरू पनि परिवर्तन गर्नुपऱ्यो । जसका कारण चैत्र १५-२० मा बल्ल क्यालेन्डर त निस्कियो, तर त्यस बेला नि:शुल्क बाँड्नुपर्ने । निजी क्षेत्रका कसैले निकाल्न नपाउने भएकाले सूचना विभागको क्यालेन्डर सबैलाई चाहिने नै भयो । पुलिस राखेर लाठीचार्ज गरेर बाँडियो । निजी क्षेत्रलाई क्यालेन्डर निकाल्ने अधिकार नहुनु, झोले पत्रकारहरूले हदैसम्म दु:ख दिनु, ३-४ तिरको जिम्मेवारी लिनुपर्ने बाध्यता, आफ्ना हाकिमहरू नै ३-४ तिर भएकाले त्यहाँबाट भाग्न पाउनु मेरो अहोभाग्य भयो । अर्को यौटा पीडापूर्ण प्रसंग पनि अहिले सम्झना आयो । वीरेन्द्र सरकारको राजकीय भ्रमण स्पेनमा हुने भएकाले राजारानीको जीवनी अंग्रेजीमा स्तरीय छपाई गर्ने निर्णय भयो । त्यो बेला नेपालमा अफसेट प्रेस आइसकेको थिएन । बैंककमा छाप्ने निर्णय भयो । सो कामका लागि प्रकाशन शाखाका अधिकारीले जान अस्वीकार गरेपछि तत्कालीन शाखा अधिकृत हरि अधिकारी (हालका चर्चित कवि र समीक्षक)लाई पठाउने निर्णय मन्त्रीस्तरीय (डा. प्रकाशचन्द्र लोहनी) भयो । मैले आफ्नो स्पष्टीकरणपत्र पेस गरेँ । शा.अ. अर्थात् हालका ‘चर्चित समीक्षक’ हरि अधिकारीमाथि कारवाही सुरु भयो । अब सूचना विभागमा मैले बस्नु धेरै दिन छैन भन्ने मैले स्वीकारेँ । मेरो सरुवाको प्रक्रिया सुरु भइसकेको थाहा पाएँ । म वर्षातले चुटेको मुसाजस्तो भएँ । जागिरै जाने हो कि ! सरुवा मात्र हुने ? यस्तै मनस्थितिमा मैले धेरै दिन बिताएँ । तर, भगवान्ले हामीलाई जोगाउने कृपा गर्नुभयो । प्राविधिक कुरा पऱ्यो, कहिलेकाहीँ काम गर्दा भुल हुनसक्छ भन्ने तर्कले काम गऱ्यो र कुरा बिस्तारै सेलाउँदै गयो । त्यही समयमा सूर्यबहादुर थापाका ठाउँमा लोकेन्द्रबहादुर चन्दको शक्तिशाली मन्त्रिमण्डल आइसकेको थियो । वास्तवमा म राष्ट्रको इमानदार कर्मचारी मात्र थिएँ, कसैको मान्छे थिइनँ । अब अर्को घटना घट्यो । दरबारको निर्देशनमा खप्तड स्वामीको अत्यन्त आदर्श पुस्तक ‘विचार विज्ञान’ उहाँ नै लेखक नाम दिई सूचना विभागबाट प्रकाशित गरेको थिएँ । तर, पदम ठकुराठीद्वारा सम्पादित ‘विमर्श साप्ताहिक’मा स-प्रमाण सो पुस्तक ‘खप्तड स्वामीले लेखेकै होइन, आजभन्दा ५० वर्षअघि बम्बैबाट मराठीमा प्रकाशित भइसकेको अरू कसैको रचना हो’ भन्ने आशयसहितको सनसनीपूर्ण समाचार छापिँदा मलाई फेरि यौटा गहिरो खाडलमा परेको अनुभव भयो । दरबारबाट मौखिक स्पस्टीकरण आयो । मैले उहाँले पठाउनुभएकै पाण्डुलिपि बुझाएँ । त्यसपछि वास्तविक कुरा बुझियो-सो ‘विचार विज्ञान’ पुस्तक भारतका विभिन्न भाषामा विभिन्न धर्मगुरुहरूका नाममा प्रकाशित भएका रहेछन् । त्यस्तै नेपाली भाषामा खप्तड स्वामीको नाममा रहेको रहेछ । सोही आशयको स्पष्टीकरण ‘विमर्श’मा नै पठाइयो । गुरुहरूको सम्प्रदायभित्र जसले पनि यस्तै गर्ने परम्परा रहेछ । पछि धर्मविज्ञान पनि प्रकाशित भयो । खप्तड गुरुका सबै पुस्तक अत्यन्त लोकप्रिय, पठनीय र नेपाली समाजमा आदर्श पुस्तकका रूपमा अहिले पनि प्रतिष्ठित छन् । यी संस्मरणात्मक टिप्पणीहरू लेख्ता मलाई डर भइरहेछ, यसले आत्मप्रशंसा गऱ्यो भनेर अझ कतिपय व्यक्तिहरूका सम्बन्धमा मेरो सोचाइ वा दृष्टिकोण गलत पनि हुनसक्छ । तर पनि सूचना विभागमा बस्दाका झिनामसिना कुराहरू भन्दा पनि आफूले भोग्नुपरेका पीडाहरूलाई पाठकसमक्ष राख्ने धृष्टता गरेको हुँ । अहिले कत्ति धेरै पुरस्कारहरू प्रेस काउन्सिलले सञ्चालन गरेको थाहा पाएको छु । ढिलो भए पनि नि:स्वार्थ रूपमा साँचो कुरा साँचो नै हुन्छ भन्ने कुरामा म विश्वस्त छु । पत्रकारहरूका लागि मैले अर्को योजना ल्याएँ, प्रेस भएका पत्रकारहरूलाई वा धितो राखी बैंकहरूबाट कर्जा उपलब्ध गराई पत्रकारिताको सम्यक विकास गर्ने । मैले सूचना छाडेपछि यो कार्यान्वयनमा आई केही पत्रिकाहरूले सहयोग लिएको मलाई थाहा छ । त्यो बेला अर्को यौटा योजना पनि मैले प्रस्तुत गरेको थिएँ, पत्रपत्रिका वितरणका लागि यौटा संस्थान खोल्ने र त्यसैमार्फत पत्रपत्रिका वितरण गरी रकम हिनामिना हुन नदिने व्यवस्था गर्न सकिन्छ कि ! भन्ने । यो प्रस्ताव मैले साथीहरूसँग राखेँ । तर, यसलाई अव्यावहारिक ठानियो र अगाडि बढाउन सकिनँ । पत्रपत्रिकालाई व्यावसायिक बनाउनुपर्ने र अनावश्यक आर्थिक सहयोग नदिने, झोले पत्रकारलाई निरुत्साहित गर्ने योजनाहरू पनि मेरा थिए । तर, मेरो भाग्यमा अर्को लेखिएको रहेछ । तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले यी सूर्यबहादुर थापाका मान्छेहरूबाट काम लिन नसक्ने भएँ भनी राजदरबारमा मसहित ७५-८० जना साथीहरूको सूची पठाएको हल्ला व्यापक रूपमा आयो । अनि, जागिर आजै जान्छ, भोलि जान्छ भन्ने मनस्थितिमा हामी पुग्यौँ र खोसुवा पुर्जी बुझ्न मानसिक रूपमा तयार भयौँ । पञ्चायती व्यवस्थाका बेलामा लोकसेवा भिडेर, कुनै सोर्सफोर्सविना प्रवेश गरेका कर्मचारी थियौँ । तर, तत्कालीन प्रधानमन्त्री चन्द र उनका निकटहरूका लागि किन हो हामी ७५-८० जना राष्ट्रसेवक घाँडो भयौँ । तर, हाम्रो रेकर्ड पनि राजदरबारमा राम्रै रहेछ र राम्रैसँग राखिएको रहेछ । केही दिनपछि अर्को हल्ला आयो, ‘राजदरबारबाट यी कोहीलाई नहटाउनू, यी राष्ट्रप्रति वफादार कर्मचारीहरू हुन् । यी न सूर्यबहादुरका हुन् न तिम्रा हुन्, न कसैका हुन् । निजामती सेवकहरूलाई यसरी पूर्वाग्रह राख्नु हुन्न भन्ने निर्देशन आएको छ रे...।’ मन्त्रिपरिषद्को बैठकबाट सबैजसोलाई अन्यत्र सरुवा गर्ने क्रममा मलाई स्थानीय विकासको मध्यमाञ्चल क्षेत्रीय निर्देशकमा सरुवा गरिएको पत्र पाएँ । सरुवा हुनुअघि तत्कालीन स्थानीय विकासमन्त्री जोगमेहर श्रेष्ठले मलाई घरैमा बोलाई भन्नुभयो, “तिमी कस्तो लट्ठु मान्छे ? आफ्नो जागिर कहाँ के हुँदै छ केही थाहा नपाउने ? मैले तिमीलाई मध्यमाञ्चल क्षेत्रीय निर्देशकमा सरुवा गराएको छु । तुरुन्त हाजिर भएर काम सुरु गर्नू, अरू पछि...।” मलाई लाग्यो, ‘सोझाको दैव सहारा’ । मेरो अर्को देवता हितैषीमित्र प्रिय स्व. जोगमेहर श्रेष्ठ भए । त्यसपछि मेरो जागिरे यात्रा स्थानीय विकास मन्त्रालयतर्फ मोडियो ।

*-बाह्रखरी डटकम*

कथा — विजय चालिसे

## सम्बन्ध (विजय चालिसेको सम्झनामा)

‘के यो सम्भव छ ?’ उसको कुरा सुनेपछि सबैभन्दा पहिले मेरो मनमा उठेको प्रश्न यही थियो । उसको त्यस भनाइलाई मैले सम्भावित सत्यको रूपमा ग्रहण गर्ने सकेको हुन्न । अझ यसो भनौं, उसले त्यस्तो निर्णय लेला भन्ने मेरो मनबुद्धिको कुनै पनि भागले स्विकार्नै सक्तैन । उसलाई शुरूमा भेटेर साथै बस्दा, मित्रताको बन्धनमा कसिँदै जाँदा क्रमश: मेरो मनमा बलियोसँग बन्दै गएको ऊप्रतिको धारणाले मलाई यस कुरामा विश्वास गर्ने कुनै आधार नै दिएको थिएन । ‘सुनिस्, म रीतासँग सम्बन्ध विच्छेद गर्दै छु ।’ एक्कासि उसको मुखबाट त्यो कुरा सुन्दा म आश्चर्यचकित हुन पुगेको थिएँ । आश्चर्य र अविश्वासपूर्ण दृष्टि ऊतर्फ फ्याँकेर म त्यति बेला निकै बेर अन्यमनस्क हुन पुगेको थिएँ । उनीहरूका अगाडिको व्यवहारसँग पूर्णत: परिचित हुनाले पनि उसको त्यस कुरामा हत्तपत्त विश्वास गरिहाल्न सक्ने स्थितिमा म थिइनँ शायद ! त्यसैले म जिल्ल परेको र अविश्वस्त अनुहार लगाएर निकै बेर ट्वाल्ल उसको अनुहार हेरिरहेको थिएँ, त्यति बेला । मेरो स्थिति देखेर उसले निकै गम्भीर भएर आफ्नो अठोट फेरि दोहोऱ्याएको थियो । रीता, सबिन र म कलेज र महाविद्यालयको पूरा अध्ययनकालभर नै साथै पढेका र अति मिल्ने आत्मीय साथी थियौं । कलेजमा होस्, पिकनिकमा होस् वा कुनै अरू बेलाको भ्रमणमा होस् हामी तीन जना प्राय: सँगै बस्थ्यौं र कल्पनाका विभिन्न बुट्टा-चित्र कोर्दै एकअर्कालाई सुनाउँदै हामी साथै समय बिताउँथ्यौं । धनी परिवारकी रीता कक्षाभित्र मात्र होइन महाविद्यालयभरका सबै केटाहरूको आकर्षण थिई । ऊप्रतिको आकर्षणको कारण उसको धन मात्र निश्चय थिएन । त्योभन्दा पनि अझ बढी उसको सौन्दर्य र खुला व्यवहारको प्रदर्शन सबैका लागि आकर्षणको विषय थियो । एउटा उच्चवर्गीय पश्चिमी सभ्यतासँग बढी परिचित परिवारकी रीताको खुला व्यवहार र केटाहरूसँग निस्सङ्कोच हुने बोलचाल, सम्बन्ध र व्यवहारले गर्दा ऊसँग आत्मीय र घनिष्ट सम्बन्ध बनाउन प्राय: केटाहरू लालायित रहन्थे नै । उनीहरूको त्यो प्रयत्न सफल नभएर म र सबिन रीताको विश्वास जित्न सफल भएकामा हामी सबै केटाहरूको ईर्ष्याको पात्र बन्न पुगेका थियौं । उनीहरूबाट समयसमयमा व्यक्त गरिएका व्यङ्ग्योक्ति र छेडपेच पनि हामीले सुन्थ्यौं । सबिन र म एकै ठाउँका भएकाले पनि शुरूदेखि नै हाम्रो बीचमा नजिकको मित्रता थियो । गाउँको मध्यमवर्गीय परिवारमा जन्मेको सबिन फुर्तिलो थियो, प्राय: बहिर्मुखी भनिने ऊ आफ्नो मीठो कुराले जोसुकैलाई पनि चाँडै नै प्रभावित गर्न सक्तथ्यो । ममा त्यो गुण थिएन, अन्तर्मुखी प्रवृत्ति र सङ्कोची स्वभावले पनि म हम्मेसी कसैसँग बोलचाल गर्न र सम्बन्ध राख्न सक्तैनथें । बाहिरबाट पढेर स्नातकोत्तर तहमा भर्ना हुन आएकी रीतालाई सबिनले सजिलै आकर्षित गरेको थियो । अरू कति धनी र राम्रा केटाहरू छँदाहुँदै सबिनले त्यसरी रीतालाई आफूप्रति आकर्षित गरेर गाढा मित्रता कायम गर्न सकेकोमा शुरूशुरूमा म आफै छक्क परेको थिएँ । सबिनको सारै मिल्ने साथी भएको नाताले मेरो र रीताको पनि मित्रता बढ्दै गएको थियो । उसको खुला र आत्मीय व्यवहारबाट म पनि ऊसँग सारै प्रभावित थिएँ, मेरा अगाडिका सङ्कोच र हिचकिचाहट खुला हावामा राखेको कपूर झैं उडिसकेका थिए । रीताको हामी दुई जनासँग रहेको समान र खुला मित्रता हामी दुई जनाको बीचमा पनि व्यवधानपूर्ण थिएन । हामी तीनै जना अन्तरङ्ग मित्रताको बन्धनमा बाँधिइसकेका थियौं । सबिनको बहिर्मुखी तर ‘स्मार्ट’ व्यक्तित्व रीताका लागि जति प्यारो थियो मेरो केही सङ्कोचशील र अन्तर्मुखी व्यक्तित्व पनि उसलाई त्यत्तिकै प्यारो लाग्थ्यो । त्यसैले कुनै बेला हामीबीच कुरा उठ्ने गर्थ्यो, अध्ययन सकिएपछि निश्चय नै हामी तीनै जना एकै ठाउँमा रहँदैनौं । त्यति बेला हामी एकआपसमा छुट्टिएर बस्न सकौंला ? जवाफमा हामी निकै बेर घोरिन्थ्यौं र रीता भन्थी, “तिमी सबिन त भोलि अरूसँगै मित्रताको गाँठो कस्न सक्छौ । त्यसका लागि मैले तिमीहरू दुवैसँग संयुक्त बिहे गर्नुपर्छ र तिमीहरू मेरो घरज्वाइँ भएर बस्नुपर्छ ! भन तिमीहरूलाई मन्जुर छ ?” आफ्नो केटाकेटी कुरा र त्यसको जवाफमा रीताले खुला रूपमा भनेकी त्यो जवाफबाट म लाज र सङ्कोच अनि आफ्नो प्रश्नको सङ्कुचितताभित्र गड्न पुगेको थिएँ । ती थिए हाम्रा अति भावनात्कमक क्षणका कुरा र व्यवहार । महाविद्यालयमा पढ्दा त्यति बेला देखेका सबै सपना विपनामा प्राप्त हुन सक्तैनथे, त्यति बेला चाहेका-सोचेका कुरा जीवनको व्यावहारिक महासागरमा लागू हुन सक्तैनथे । त्यसैले पनि पढाइ सकेपछि हामी तीनै जना साथसाथै बसेर तिनै अगाडिका भावुक कल्पनाका बुट्टाकुँदाइ र महल सजाउने काम सम्भव थिएन । त्यसमाथि पनि कहिले पढ्नेलेख्ने काम सक्ला र छोराले जागिर खाएर घर चलाउन मद्दत गर्ला भन्ने आशापूर्ण दृष्टि ओच्छ्याइरहेका बाबुआमाको भार थाम्नुपर्ने मजस्ताबाट त्यो सम्भव छँदै थिएन । त्यसैले पनि अध्ययन सकिएपछि रीता र मेरो बीचमा भेटघाटको अनुपात घट्दै गएको थियो । म कुनै एउटा निजी व्यावसायिक फर्ममा नोकरी गरेर बाबुआमाको सपना पूरा गर्ने क्रममा लागिपर्ने सपना साकार बनाउने प्रयत्नमा थिएँ । शायद रीता पनि बढी समय घरमै बिताउँथी होली ! सबिन र म एउटै डेरामा थियौं, त्यसैले पनि हाम्रो सम्बन्धमा कुनै अन्तर आएको थिएन । उसैबाट म धेरैजसो रीताको खबर पाउने गर्थे । सबिन कहिले कुन ठाउँमा रीतासँग पिकनिक मनाउन जाने खबर सुनाउँथ्यो र रीताको मलाई पनि त्यसमा सहभागी बन्नुपर्ने इच्छा सुनाउँथ्यो । यस्ता कुराकानीबाट सबिन र रीताको भेटघाट र आत्मीय सम्बन्धमा कुनै प्रभाव नपरेको र उनीहरू अध्ययनकालकै इन्द्रधनुषी रङ्गमा रङ्गिएका अनुमान म लगाउन पुग्थें । अनि त्यति बेला ठट्टैठट्टामा म उसलाई भन्ने गर्थें, “पिकनिकमा म पनि सहभागी हुने इच्छा तेरो त निश्चय पनि होइन होला ! भो बाबा भो, तिमीहरूको एकान्त क्षणलाई म बिथोल्न चाहन्नँ ।” मेरो ठट्टा सुनेर ऊ मज्जासँग खुलेर हाँस्थ्यो । उसको मज्जासँग खुलेर बेसरी हाँस्न सक्ने बानी देखेर कहिलेकाहीं मलाई ईर्ष्या पनि लाग्थ्यो, कसरी हाँस्न सक्छ ऊ ! बूढा बाबुआमा पाल्नेदेखि आफू बाँच्नेसम्मका चिन्ता र समस्याले हो कि आफू जति कोशिश गरे पनि कहिल्यै त्यसरी हाँस्न सकिएको होइन । जे होस्, आफ्नो खुला हाँसो थामिएपछि भन्थ्यो, “मलाई थाहा छ, तँ जाँदैनस् । तर तेरो उपस्थिति म चाहन्नँ भन्ने चाहिं तेरो गलत सोचाइ हो ।” यस्तैयस्तै समय बित्दै गयो । कहिलेकाहीं रीतासँग अकस्मात् भेट हुन्थ्यो, त्यति बेला ऊ ममाथि अनेकौं गुनासो पोख्थी । अगाडिको मित्रता बिर्सने स्वार्थी र ढुङ्गा जस्तो दिल भएको कठोर भन्थी । म उसका सबै आरोप निरुत्तर सुनिदिन्थें, जवाफमा मात्र म आफ्नो बाध्यता तेर्स्याइदिन्थें । जागीरको क्रममा कहिले कता, कहिले कता गर्दागर्दै क्रमश: उसको र मेरो भेटघाटको क्रम पनि पातलिँदै गयो । बाध्यतावश सबिन र मेरो डेरा पनि छुट्टियो । फलस्वरूप ऊसँगको भेटघाट पनि घट्दै गयो । सबिन कहाँ छ, रीता कहाँ छे र के गर्दै छन् त्यसको कुनै खबर म पाउन सक्तिनँ । त्यस्तैमा एक दिन मेरो अफिसको ठेगानामा एउटा निमन्त्रणापत्र पाएर म अलि आश्चर्य र खुशी पनि मान्न पुग्छु । त्यो निम्ता पढेपछि थाहा पाउँछु, धेरै समयसम्म खबरसम्म पनि नपाइएका सबिन र रीता वैवाहिक सूत्रमा बाँधिने भएछन्, त्यसैको निम्ता त्यसभित्र थियो र साथै त्यसैमा खामिएको उनीहरू दुवैको विवाहमा मलाई जसरी भए पनि भाग लिन गरिएको अनुरोधपत्र पढेर मैले थाहा पाएको थिएँ । पछि सबिनबाटै थाहा पाएको थिएँ, रीताले पनि उसलाई त्यस काममा सहयोग गरेकी रहिछ । त्यति मात्रै होइन, आमाबाबुको इच्छाविरुद्ध सबिनसँग बिहा गर्न रीताले निकै सैर्ष गर्नुपरेछ । अझै त्यो बिहामा उनीहरू खुशी रहेनछन् । रीताको जिद्दी र अपहत्तेमा आफ्नी एउटी मात्र छोरीको इच्छामा उनीहरूले आफ्नो इच्छा र चाहनालाई होमिदिएका रहेछन् । विवाह बडो रमाइलोसँग सम्पन्न भएको थियो । महाविद्यालयमा पढ्दाको भावुक क्षण त्यसरी व्यावहारिक क्षणमा बदलिएकोमा सबिन र रीता अत्यन्तै खुशी र सन्तुष्ट थिए र उनीहरूको सन्तुष्टि र खुशी स्पष्ट झल्किन्थ्यो पनि । त्यो सम्बन्धमा म पनि वास्तवमा फदयदेखि नै खुशी थिएँ, सन्तुष्ट थिएँ र आफ्नो खुशी र दीर्घ वैवाहिक जीवनको हार्दिक कामना गरेको थिएँ । विवाह सकियो । सबिन र रीता आजीवन एकअर्काबाट नछुट्टिने प्रण गरेर संयुक्त भए । म आफ्नो व्यावहारिक समस्यामा छोपिएर उनीहरूबाट टाढाटाढा हुन पुगें । समय आफ्नो क्रममा सर्दै गयो । उनीहरूसँगको भेटघाट पनि हुन सकेन । उनीहरू आफ्नै संसारमा मस्त थिए होलान् । म मेरै समस्यामा आकण्ठ डुबेको थिएँ । तर हाम्रो जस्तो सामाजिक स्थिति र सबिन तथा रीताको बीचमा रहेको एकदमै विपरीत आर्थिक, सामाजिक स्थितिमा पनि उनीहरूको प्रेम सफल वैवाहिक सम्बन्धमा परिणत हुन पुगेकोमा म सन्तुष्ट थिएँ । विवाहपछिको प्रेममा विश्वास गर्ने हामीमा पनि कमसेकम प्रेमपछिको विवाह यसरी सफल भएको र त्यो पनि आफ्नै मित्रहरूका बीच भएको देखेर म उनीहरूको सुखद र संयुक्त भविष्यप्रति विश्वस्त थिएँ । धेरै वर्षको मित्रताबाट एकअर्कालाई राम्ररी नै बुझेका लोग्नेस्वास्नीमा जति आपसी समझदारी हुन्छ, त्यति अरूमा हुने कुरै थिएन । त्यसैले पनि म उनीहरूको जीवनमा फेरि अर्को अप्रिय मोड आउनेछ भन्ने कुरा सोच्नै सक्तिनथें । तर त्यस्तैमा, सबिन र रीतासँग भेट नभएको झन्डै चौथो वर्षमा एक दिन अकस्मात् सबिनलाई भेट्दा एकातिर म जति खुशी र आनन्दित भएको थिएँ, उसको त्यो निर्णय अकस्मात् सुन्न पुग्दा म शुरूमा एकदमै चिच्च्याएर पछि जडवत् हुन पुगेको थिएँ, “के भन्दै छस्, सबिन, तँ ?” “हो, म रीतासँग सम्बन्ध विच्छेद गर्दै छु । हामी दुवै यसमा राजी भइसकेका छौं । यौवनको उत्साह र क्षणिक जोसमा आएर सुखसयलमा हुर्किएकी धनी परिवारकी केटीसँग विवाह गर्ने म गरीब केटाको निर्णय आफैमा गलत रहेछ !” मेरो त्यो आश्चर्य र केही जडता देखेर उसले बडो व्यथित स्वरमा मलाई भनेको थियो । उसको स्वरको पीडा अनुभव गरेर पनि मैले ऊ आफ्नो निर्णय गलत भएकोमा पीडित छ कि रीतासँगको बिछोडको कल्पनाले ऊ व्यथित छ भन्ने खुट्याउन सकेको थिइनँ । त्यो अनिर्णयभन्दा पनि उनीहरूको एकआपसमा छुट्टिनुपर्दाको त्यो स्थिति र त्यत्रो समझदारी हुँदाहुँदै पनि छुट्टिनुपर्दाको बाध्यता अनुभव गरेर म कताकता हराउन पुगेको थिएँ । समझदारी र प्रेमभन्दा पनि बलियो आर्थिक र सामाजिक विषमता हुँदो रहेछ भन्ने तथ्य बोध गरेर म झन् छक्क परेको थिएँ ।

*-साहित्यपोष्ट डटकम*

# आज घरघरमा तुलसीको दल राखिदै



पाल्पा, जेठ २३/ वैदिक सनातन धर्मावलम्बीले आज आ-आफ्नो घरको मठमा तुलसीको दल (बिउ) राख्दै छन् ।

प्रत्येक वर्ष ज्येष्ठ शुक्ल एकादशीका दिन घर-घरमा तुलसीको दल राख्ने गरिन्छ । यस दिनलाई निर्जला एकादशी पनि भनिन्छ । यस दिन रोपेको बीउ एक महिनापछि आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिन रोपिन्छ । आषाढ शुक्ल एकादशीदेखि कात्तिक शुक्ल एकादशीका दिनसम्म तुलसीको विशेष पूजा गरिन्छ । यसलाई तुलसी हुर्काई बढाई दामोदरसँग विवाह गरिने भन्ने पनि बुझिन्छ । यो चार महिनालाई चतुर्मास पनि भनिन्छ । चतुर्मासमा स्नान, पूजन र दान गर्नाले मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ । निर्जला एकादशीसमेत भनिने भएकाले यस दिन पानी समेत नपिई व्रत गर्नाले अभिष्ट फल पाइने शास्त्रीय वचन रहेको छ । आयुर्वेदिकरूपमा पनि लाभकारी औषधि मानिने तुलसी विभिन्न रोगको उपचारमा प्रयोग गरिन्छ । तुलसीमा धेरै अक्सिजन पाइने आधुनिक विज्ञानले प्रमाणित गरेको छ । यस्तै मिथिला क्षेत्रका महोत्तरीसहितका जिल्लामा धार्मिक र औषधीय गुणयुक्त वनस्पति तुलसीको बीज छर्दै निर्जला एकादशी पर्व मनाइँदैछ । जेष्ठ शुक्ल एकादशीमा तुलसीको बीउ छरेर पानीसमेत नखाई व्रत गर्ने परम्पराअनुसार आज मैथिल (मिथिलाका बासिन्दा) यो पर्व मनाइरहेका छन् । पूर्वीय दर्शन परम्पराको मैथिल चलनमा जेष्ठ शुक्लपक्ष लाग्नासाथ दशहारास्नान मेला प्रारम्भ हुन्छ ।

जेष्ठ शुक्ल दशमीका दिनसम्म विभिन्न तीर्थस्थलमा स्नान गरी दशमीकै दिन वर्षभरिको पूजाअर्चना प्रयोजनको फूलको दल राख्ने र भोलिपल्ट तुलसीको दल राख्दै निर्जला व्रत (अन्नजल नखाइ गरिने व्रत) बस्ने मैथिल चलन छ । मिथिलामा सामान्यतया सबै एकादशीलाई धार्मिक विश्वासमा खास दिन मानिने परम्परा भए पनि निर्जला, हरिशयनी र हरिवोधनीचाहिँ विशेष नै मानिन्छन् । हिन्दू मैथिल परम्परामा एकादशी र तुलसीबीच गहिरो सम्बन्ध रहेको मैथिल कर्मकाण्डका ज्ञाता बर्दिबास-२ का पण्डित महेशकुमार झा बताउँछन् ।

सत्ययुगमा सति नारी वृन्दाका दुष्ट पतिको संहार गर्न विष्णुले छलेर उनको सतित्व डगाउँदा वृन्दाले भगवान् विष्णुलाई श्राप दिएको बताइन्छ । त्यसै श्रापअनुसार वनस्पतिरूपमा भगवान् विष्णु तुलसी हुँदा उनको पूजाआराधनासँग तुलसीको प्रचलन जोडिएको जनविश्वास छ ।

# निगुरो बेचेर घरखर्चको...

..."दिनभर जङ्गलमा पुगेर टिप्ने हो, झरी, घाम, सर्प सबैबाट जोगिनुपर्छ, टिपेर ल्याएपछि बिक्री गर्न त गाह्रो छैन, घरखर्च चलाउन कसैसँग सापट माग्नु परेको छैन," मुखियाले भनिन् । जङ्गलबाट टिपेर ल्याएका वस्तुको गाउँमा खासै महत्व नहुने भएका कारण त्यसलाई डोकोमा बोकेर बिक्रीका लागि सदरमुकाम तम्घाससम्म ल्याउने गरिन्छ ।

यसलाई उत्पादन गर्न कुनै लगानी गर्नु नपर्ने, जङ्गलमा पुगेपछि सित्तैमा टिप्न पाइने र बजारमा राम्रो मूल्य पाइने भएका कारण निगुरो टिप्ने गरिन्छ । जङ्गलबाट टिपेर ल्याएको निगुरोलाई सुरूमा साना-साना मुठा बनाउने र त्यसलाई डोकोमा बोकेर बिक्रीका लागि बजारसम्म पुऱ्याउने गरिन्छ । निगुरोले उचित मूल्य पाउने गरे पनि यसलाई टिप्न भने गाह्रो काम भएको इस्मा अमरपुरकी सीता कुमालले बताइन् । "दिनभर जङ्गलमा जाने हो, घाम पानी नभनेर निगुरो टिप्छौं", उनले भनिन् ।

सीता मुखिया मात्र हैन उनीसँगै पसिना पुछ्दै डोकोमा निगुरो बोकेर सदरमुकाम आइपुगेकी चमेली राना निगुरो बिक्री गरेपछि घरपरिवारका सदस्यहरुको आवश्यकता पूरा गर्छिन् । "आम्दानी नहुनेलाई घर खर्च चलाउन निकै सजिलो भएको छ" उनले भनिन् । बर्खाको समयमा जङ्गलदेखि निगुरो टिपेर दुई दिनको समय खर्चेर सदरमुकामसम्म आउन उनहरूलाई त्यत्ति सहज भने छैन । गुल्मीको निगुरो सदरमुकाम तम्घासमा मात्र होइन बुटवलका हाटबजारसम्म पुग्ने गर्दछ । आफन्तलाई कोसेलीको रूपमा पनि निगुरो खोजीखोजी पठाउने प्रचलन छ । बजारमा विषादी प्रयोग गरेका तरकारी खाँदाखाँदै हैरान परेका व्यक्तिका लागि पहाडको जङ्गलबाट टिपेर ल्याइएको अर्गानिक निहुरोको बजारमा प्रसस्त माग हुने गर्दछ ।

निगुरोबाट अचार, तरकारी, चुकौनी लगायतका परिकार बनाउन सकिने र ती परिकारहरू मिठो र स्वादिलो हुने गरेको स्थानीय हरिप्रसाद शर्माले बताए । निगुरो बिक्री गरेर यस क्षेत्रका विपन्न कुमाल समुदायले सिजनमा न्यूनतम दश हजारदेखि तीस हजारसम्म आम्दानी गर्दै आएका छन् ।

# नेपाल भूतपूर्व सैनिक संघ...

...उनले संघमा आवद्ध सबै भूपु सैनिकहरुलाई गाउँ- गाउँमा पुगेर काँग्रेसको विचार र आस्थाका बारेमा जानकारी गराउन समेत आग्रह गरे ।

सभापति श्रेष्ठले राजनीतिक गर्ने हो भने भूपु सैनिक जस्तै इमान्दारिताको साथ गर्न जरुरी रहेको बताए । उनले चुनावमा पैसा हैन, योगदान हो भन्ने कुराको प्रचार हुन आवश्यक रहेको औल्याए । सभापति श्रेष्ठले भने "अब चुनावमा पैसा हैन, योगदानमा आधारित हुनुपर्छ । काम गरेको आधारमा भोट दिने वातावरण भए मात्र भ्रष्टाचार हुँदैनथ्यो ।" अब जनतालाई उत्पादन र रोजगारीसँग जोड्न आवश्यक रहेको समेत उनले बताए । विशिष्ट अतिथि नेपाली काँग्रेसका जिल्ला उपसभापति झपेन्द्र गहिरेले संगठनलाई बलियो र फराकिलो बनाएर लैजान राजनीतिक सुझ, बुझका साथ लोकतान्त्रिक आस्थाप्रति समर्पित हुन भूपू सैनिकहरुलाई आग्रह गरे । उनले भने 'केही साथीहरुलाई कम्युनिष्टहरुले दिग्भ्रमीत पारेका छन् । उनीहरुलाई काँग्रेसको विचारका बारेमा बुझाउन जरुरी छ त्यसतर्फ संघमा आवद्ध साथीहरु सक्रिय भएर लागौं ।' संघका केन्द्रीय सदस्य तथा पाल्पाका सल्लाहकार विष्णु गाहाले भूपूको मनोवल बढाउने काममा पार्टीले ध्यान दिनुपर्ने बताए । उनले आफुहरु पार्टीको संगठन निर्माणमा इमान्दारिताका साथ लागेकाले समस्या र अफ्ठ्यारो पर्दा पार्टीले साथ दिनुपर्नेमा जोड दिए ।

संघका सल्लाहकार क्याप्टेन अमरबहादुर थापाले इण्डियन, व्रिटिस भर्ती रोकिदा संगठनलाई ठूलो क्षति पुगेकाले त्यसतर्फ ध्यान दिन पार्टी नेतृत्वलाई आग्रह गरे । उनले नेपालीलाई भारतमा भर्ति गराउन आवश्यक रहेको उल्लेख गरे । नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझीले प्रजातान्त्रिक आन्दोलनको संवाहकको रुपमा भूतपूर्व सैनिकहरु रहेको बताए । उनले अहिलेको अवस्थामा लोकतन्त्र र प्रजातन्त्रमाथि आक्रमण भइरहेकाले त्यसतर्फ सचेत हुन भूपूहरुलाई आग्रह गरे । संघले सोही अवसरमा संघको केन्द्रीय अधिवेशन र प्रदेश अधिवेशनमा निर्वाचितहरुलाई सम्मान समेत गरेको छ । उसले केन्द्रीय सदस्यमा निर्वाचित सु. विष्णुबहादुर गाहा, क्या. देवबहादुर थापा मश्राङ्गी, सु. मेजर जुद्धविर सोमरे, सु. केशरबहादुर खाणँ, प्रदेश सदस्यमा निर्वाचित नरदेवी थापा (हरी), रुमाकला राना, सु. नरबहादुर थापा, ना.सु. तिलबहादुर राना, ह. थमन बहादुर थापा र लोकेन्द्रबहादुर खड्कालाई सम्मान गरेको हो । संघका अध्यक्ष कमल विक्रम खाँणको अध्यक्षता, उपाध्यक्ष क्याप्टेन देवबहादुर थापा मश्राङीको स्वागत, सचिव हिरा सिं रानाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# अल्भारेजको गोलमा अर्जेन्टिना विजयी




काठमाडौं, जेठ २३/ जुलियन अल्भारेजको एक मात्र गोलमा फिफा विश्वकप छनोटमा अर्जेन्टिनाले चिलीलाई १-० ले पराजित गरेको छ ।

चिलीको घरेलु मैदान सान्टियागोमा भएको खेलमा अल्भारेजले १६औं मिनेटमा गोल गर्दै अग्रता दिलाएका थिए । उनले थियागो अल्माडाको पासमा गोल गरेका थिए । बेन्चमा रहेर सुरुवात गरेका लियोनल मेस्सी दोस्रो हाफमा मात्र मैदान प्रवेश गरेका थिए । दक्षिण अमेरिकी छनोटबाट अर्जेन्टिनाले यसअघि नै अर्को वर्ष अमेरिका, मेक्सिको र क्यानडामा हुने विश्वकपमा स्थान पक्का गरिसकेको छ । १० राष्ट्र सम्मिलित दक्षिण अमेरिकी छनोटमा अर्जेन्टिना १५ खेलबाट ३४ अंक जोडेर शीर्ष स्थानमा छ । चिली भने १० अंकसहित पुछारमा छ । यस हारपछि चिली भने दक्षिण अमेरिकाबाट सिधै विश्वकपमा छनोट हुने होडबाट बाहिरिएको छ ।

दक्षिण अमेरिकाबाट डबल राउण्ड रोबिनको खेलपछि शीर्ष ६ मा रहने टिम सिधै विश्वकपमा छनोट हुनेछ भने सातौं स्थानमा हुने महादेशीय प्लेअफ खेल्न पाउनेछ । महादेशीय प्लेअफ खेल्ने सम्भावना कायम राख्न पनि चिलीले बाँकी तीनवटै खेल जित्नुपर्ने चुनौती छ । यस्तै छनोटको अन्य खेलमा ब्राजिल इक्वेडरसँग गोलरहित बराबरीमा रोकिएको छ ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# प्रभु बैंकको लगानी आवेदन खुल्यो




पाल्पा, जेठ २३/प्रभु बैंकको लगानी आवेदन खुला भएको छ । बैंकको कोष प्रवर्द्धनमा सञ्चालन हुने म्युचुअल फन्ड प्रभु सिस्टमेटिक इन्भेस्टमेन्ट स्किममा लगानी आवेदन खुलेको हो ।

प्रतिइकाइ १० रुपैयाँ अंकित मूल्यमा सर्वसाधारणका लागि २ करोड ५० लाख इकाइ बिक्रीका लागि आवेदन माग गरिएको छ । न्यूनतम १ सय तथा अधिकतम ३१ लाख इकाइका लागि आवेदन दिन सकिने बिक्री प्रवन्धक प्रभु क्यापिटलले सार्वजनिक सूचनामार्फत जनाएको छ । छिटोमा जेठ २७ तथा सो अवधिमा सम्पूर्ण रुपमा बिक्री नभएमा ढिलोमा असार ६ गतेसम्म आवेदनको म्याद रहने छ । अनलाइन प्रणाली मेरोसेयरमार्फत आवेदन दिन सकिनेछ ।

साथै आफ्नो खाता रहेको आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाका शाखाबाट पनि आवेदन दिन सकिनेछ । क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपालले यो योजनानलाई ट्रिपल बी माइनस प्रदान गरेको छ । खुल्लामुखी यो म्युचुअल फन्ड बजारमा कारोबार हुने छैन ।

**नाम परिवर्तन भएको सम्बन्धी सूचना**

पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ७ मा रजिस्टर्ड कार्यालय रहेको जे एन सनराइज मिडिया प्रा. लि.को नाम परिवर्तन भई 'सनराइज लुम्बिनी' भएको ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

सनराइज लुम्बिनी
तानसेन ७ पाल्पा
फोन : ०७५५२०६९५

# हावाहुरीबाट जोगिने उपाय

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं,
- छानालाई चोया, तार, काठ, हुकलगायतका सामग्रीको प्रयोग गरेर बलियो पारौं,
- जस्तापातालगायतका सामग्रीहरू खुला र जथाभावी नराखौं,
- हावाहुरी चलेको बेला भागदौड नगरौं,
- सवारी साधन चलाएको बखत हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं,
- पैदल यात्रामा रहेको समयमा हावाहुरी चलेमा र ओत नभेटेमा थुचुक्क बसेर दुबै हातले टाउँको छोपी घोप्टो परौं ।

हावाहुरी रोक्न सकिदैन, तर पूर्वतयारी गर्दा हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई